**Journal of Tikapur Multiple Campus**
Vol.8; February 2025
ISSN: 2382-5227
Published by Research Management Committee (RMC)
Tikapur Multiple Campus, Kailali, Nepal

# *एक चिहान* उपन्यासमा चरित्रचित्रण

डा. नारायणप्रसाद पन्थ
बुटवल बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Corresponding Author's Email: panthanarayan25@gmail.com

## सारसङ्क्षेप

प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित एक चिहान उपन्यासमा सन्निहित पात्रहरूको चरित्रचित्रणका आधारमा विश्लेषण गरिएको छ। लेखको प्राज्ञिक समस्या एक चिहान उपन्यासमा चरित्रका आधारमा पात्रहरूको उपस्थिति के कस्तो रहेको छ भन्ने विषय अध्ययन गर्नु हो। लेखको उद्देश्य एक चिहान उपन्यासमा सहभागी पात्रहरूको चरित्रचित्रणका आधारमा अध्ययन गर्नु हो। यस लेखमा एक चिहान उपन्यासलाई प्राथमिक स्रोतसामग्रीका रूपमा लिइएको छ। लेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। लेखमा उपन्यासमा आएका पात्रहरूको अध्ययन गरी उनीहरूका क्रियाकलापको निरूपण गरिएको छ। यो उपन्यास गरिब किसान तथा श्रमजीवीको जीवनमा आधारित भएकाले यसको मूल विषयवस्तु पनि गरिबी, शोषण तथा विसङ्गति हो। उपन्यासकारले विभिन्न पात्रहरूका माध्यमबाट श्रमजीवीका विवशता एवम् सङ्घर्षलाई व्यक्त गरेका छन्। उपन्यासकारले परम्परागत सामाजिक कुसंस्कार, धार्मिक अन्धविश्वास, आर्थिक शोषण र जातीय विभेदको विरोध गर्दै प्रगतिवादी विचार प्रस्तुत गरेको कुरा यस लेखमा उल्लेख गरिएको छ। यस लेखमा विभिन्न पात्रहरूका माध्यमबाट श्रमजीवी किसान वर्गलाई जीवन सङ्घर्ष गर्न प्रेरित गरी नेवार, पर्वते र मधेसीको आपसी अन्तरसम्बन्ध तथा समावेशी भावनालाई प्रस्तुत गर्दै प्रेम र विवाहसम्बन्धी प्रगतिशील विचार व्यक्त गरेको विषय प्रस्तुत भएको छ। उपन्यासमा भिन्न जाति एवम् संस्कृति मिसिएर एक हुँदै गएपछि देश सुन्दर हुने र वैवाहिक रीति पनि फेरिने विषय उल्लेख गरिएको विषय यस लेखमा प्रस्तुत गरिएको छ। यस लेखमा उपन्यासमा सहभागी पात्रहरूका माध्यमबाट शोषकवर्गको देखावटी दयामायाबाट शोषित वर्गको

*Copyright 2025 © Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

कल्याण नहुने कुरा व्यक्त गर्दै आर्थिक अभाव, शोषण र अन्यायबाट मुक्ति पाउन शोषित पीडितहरूले सकेसम्म साहुबाट ऋण नलिएर मितव्ययी बन्दै घरेलु उद्योगधन्दा र आफू अनुकूलको कर्म गरी अन्याय तथा अत्याचारका विरुद्ध लड्नुपर्छ भन्ने सन्देश दिएको निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावली :** अन्तरजातीय विवाह, प्रगतिशील विचार, समावेशी, श्रमजीवी

## परिचय

हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले कविता, कथा, उपन्यास, नाटक, निबन्ध र समालोचना जस्ता विविध विधामा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा उनले *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) गरी दुईओटा उपन्यास लेखेका छन् । *एक चिहान* (२०१७, सङ्क्षिप्तीकृत रूप २०६७) उपन्यास तत्कालीन काठमाडौँको किसान परिवारमा केन्द्रित छ । कृषि पेसा गरी जीविकोपार्जन गर्ने अष्टनारानको परिवारमा उनकी पत्नी लतमाया, तीनछोरा शिवनारान, पुननारान, हर्षनारान र छोरी नानीथकुँ छन् । अष्टनारान बिरामी भएको अवस्थाबाट उपन्यासको कथानक सुरु भएको छ । यसमा मुख्य रूपमा अष्टनारानको मृत्यु, नानीथकुँ र डाक्टर गोदत्तप्रसादका बिचमा भएको सम्बन्ध, सुरमान सुब्बाले नानीथकुँसँग बिहे गर्नका लागि गरेको षड्यन्त्र, हर्षनारान र पुतली तामाङका बिचमा भएको विवाह, नानीथकुँ र राम खेलावनका बिचको विवाहलगायतका घटना आएका छन् । यो उपन्यास लेखनको मुख्य उद्देश्य विपन्न वर्गका मानिसले भोग्नु परेका पीडाको चित्रण गर्दै श्रमको महत्त्वबोध गराउनु रहेको छ । यसमा काठमाडौँ उपत्यका, हिमाल, पहाड र तराईका मानिसका बिचमा भएको अन्तरजातीय विवाह र आपसी मेलमिलापको उदाहरण प्रस्तुत गरिएको छ ।

उपन्यासमा सहभागी मानव र मानवेत्तर प्राणीलाई पात्र भनिन्छ। कथानकलाई आख्यानिकरण गर्दै विस्तृत आयामतर्फ लैजान पात्रको गहन भूमिका हुन्छ। पात्रलाई चरित्र पनि भनिन्छ। उपन्यासमा पात्रको भूमिकालाई कथानकसँग जोड्ने कार्यलाई चरित्रचित्रण भनिन्छ। यसलाई उपन्यासको आवश्यक र कथासँग सम्बन्धित गराउने प्रक्रिया पनि मानिएको छ। उपन्यासमा आउने पात्रलाई कार्यभूमिकाका आधारमा प्रमुख, सहायक र गौण, लिङ्गका आधारमा स्त्री र पुरुष, स्वभावका आधारमा अनुकुल र प्रतिकूल, जीवन चेतनाका आधारमा

वर्गीय र व्यक्तिगत, गतिशिलताका आधारमा स्थिर र गतिशिल, आवद्धताका आधारमा बद्ध र मुक्त तथा आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी वर्गीकरण गरिन्छ ।

प्रस्तुत उपन्यासको शीर्षक *एक चिहान* दुई शब्द मिलेर बनेको छ । चिहानको अर्थ मृत शरीर राखिएको वा समाधिस्थ गरिएको ठाउँ भन्ने हुन्छ । *एक चिहान* पदावलीले एउटै चिहान हुनुलाई सङ्केत गरेको छ । उपन्यासको अन्त्यतिर अष्टनारानको परिवार एकै रात एकाएक मृत्युको मुखमा परेको अवस्थाको चित्रण गरिएको छ । यसमा गरिबी विरुद्ध सङ्घर्ष गर्ने क्रममा अचानक मृत्यु भोग्न बाध्य एउटा सङ्घर्षशील परिवारको दु:खद् घटनाको वर्णन छ । अष्टनारानको परिवार श्रम र सिपले बाँचेका छन् । उनीहरूले खेती किसानी, कर्मी र ज्यामी कामबाट आयआर्जन गरी जीवननिर्वाह गरेका छन् । गरिबी र शोषण विरुद्ध सङ्घर्षरत उनीहरूको जीवन परिश्रम गरेर बिताए पनि आर्थिक सङ्कटबाट मुक्त छैनन् । अष्टनारानको उपचारका निम्ति पैसा नभएर पीडित बनेका उनीहरू मृत्युपछि लास घाटसम्म पुऱ्याउने खर्च नभएर छट्पटाएका छन् । आर्थिक अभावमा बाँचेको यो परिवारको अन्त्य असामयिक र कहालीलाग्दो बनेको छ । उपन्यासको अन्त्यतिर बर्सातको बाढीले बगाएर शिवनारान, उनकी श्रीमती र दुई छोराछोरी मरेका छन् भने थोत्रो घरले किचिएर बाँकी परिवारका सदस्य मरेका छन् । यसमा एउटै चिहान बन्ने गरी सम्पूर्ण परिवार सखाप भएको दु:खदायी घटना उल्लेख गरिएको छ ।

प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित एक चिहान उपन्यासमा सन्निहित पात्रहरूको चरित्रचित्रणका आधारमा विश्लेषण गरिएको छ । लेखको प्राज्ञिक समस्या एक चिहान उपन्यासमा चरित्रका आधारमा पात्रहरूको उपस्थिति के कस्तो रहेको छ भन्ने विषय अध्ययन गर्नु हो । लेखको उद्देश्य एक चिहान उपन्यासमा सहभागी पात्रहरूको चरित्रचित्रणका आधारमा अध्ययन गर्नु रहेको छ । *एक चिहान* उपन्यासको विश्लेषण अन्य विविध आधारमा गरिएको पाइए पनि यस उपन्यासमा रहेका पात्रहरूका बारेमा स्पष्ट पार्ने किसिमबाट अध्ययन हुन नसकेका परिप्रेक्ष्यमा यस अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखबाट उपन्यासमा

केन्द्रित पात्रहरूका बारेमा अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासमा सन्निहित पात्रहरूको चरित्रचित्रणका आधारमा अध्ययन गर्नाका लागि *एक चिहान* उपन्यासलाई प्राथमिक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ भने उपन्यासमा पात्रविधानको सिद्धान्त निर्माणका लागि आवश्यक द्वितीयक स्रोत वा सन्दर्भ सामग्री उपयोग गरिएका छन् । यस लेखमा पाठ विश्लेषणका आधारमा *एक चिहान* उपन्यासमा सन्निहित पात्रहरूको चरित्रको निरूपण गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा उपन्यासमा निहित पात्रहरूको कृति पठनका आधारमा सत्यापन गरिएको छ ।

## कृतिविश्लेषणको सैद्धान्तिक आधार

उपन्यासमा पात्रहरूका माध्यमबाट कथाको संरचना तयार हुन्छ। पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यीबिना कथाको संरचनाको कल्पना गर्न सकिँदैन । पात्रविधान उपन्यासमा आएका पात्रहरूको व्यवस्थापन हो । संवाद पात्रसँग सम्बन्धित हुन्छ वा पात्रहरूको वार्तालाप नै संवाद हो । पात्रको भाव, विचार, धारणा, चाहना आदि संवादका माध्यमबाट प्रस्तुत हुन्छन् । “संवाद कथानकसँग सम्बन्धित हुने भए पनि यसले कथाको अपेक्षा चरित्रलाई खोल्दछ। उपन्यासकारले आफ्नो दृष्टिकोण, विचार, जीवनदर्शन आदि पात्रका माध्यमबाट प्रस्तुत गरेको हुन्छ। उपन्यासको उद्देश्य चरित्राङ्कनद्वारा व्यञ्जित हुन्छ” (चुघ, १९६८, पृ.२०३) । “पात्रलाई जीवन्तता प्रदान गर्ने आधार कथानक हो । पात्रका माध्यमबाट घटना घट्ने र घटनाहरूले नै चरित्रको विश्लेषण वा चित्रण गर्ने हुँदा दुवैलाई उपन्यासको अविभाज्य तत्त्व मानिन्छ” (बराल र अन्य, २०५५, पृ. २७१) । पहिलेका महाकाव्यको स्थान र महत्त्व अहिले यसले लिएको छ। त्यसैले यसलाई गद्यमा लेखिएको महाकाव्य पनि भनिन्छ” (शर्मा र लुइटेल, २०५५, पृ. २३७ ) । वास्तवमा पात्र उपन्यासको सारतत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हो” (बराल, २०५६, पृ. ३३) । चरित्रका सम्बन्धमा शर्मा (२०५८) ले भनेका छन् “उपन्यासको कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ

जो नैतिकता र अभिवृत्तीय (dispositional) गुणहरूले युक्त हुन्छन् । कथामा चरित्रहरूको नैतिकता र तिनका अभिवृत्तीय गुणहरूको अभिव्यक्ति गरिएको हुन्छ" (पृ.२७। "आधुनिक कथात्मक साहित्यमा सामान्यतः मानिसकै चरित्राङ्न हुने हुँदा स्वाभाविक पनि हो तापनि व्यापक सन्दर्भमा भने कथा-विधामा पात्र मानिस नै हुनुपर्छ भन्ने सीमा रहेको पाइँदैन । मानवेतर पात्रलाई पनि मानिसकै बोली, भावना, विचार र मानसिकतामा राखेर अवलोकन गर्ने कथाकारको सहज वृत्तिले कथा-विधाको बौद्धिक क्षेत्र व्यापक र विस्तृत बन्न गएको छ । कथामा चरित्र अत्यन्त महत्त्वपूर्ण रहन्छ" (शर्मा, २०५९, पृ.७०) । "चरित्रको चित्रणमार्फत् व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । काल्पनिक पात्रको माध्यमले उपन्यासमा जीवनजगतलाई यथार्थ चित्रण गरिने मात्र होइन, कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशनसमेत गर्दछ । आधुनिक उपन्यास परम्परामा चरित्रप्रधान उपन्यासको महत्ता बढ्दो छ" (आचार्य, २०६३, पृ.२५) । "चरित्र प्राकृतिक धर्म भएकाले त्यसको निरूपण वा चित्रण सहज र स्वाभाविक हुनुपर्छ । एउटा सहज मानवीय संवेदनायुक्त व्यक्तिले जुन परिस्थितिमा जे गर्नु स्वाभाविक ठहर्छ, त्यसै रूपमा त्यसलाई चित्रित  गर्नुपर्छ । यसका लागि उपन्यासकारले जबरजस्ती आरोपित गरिने आदर्शको मोह त्यागिदिनुपर्छ" (उपाध्याय, २०६७, पृ. १४०) । हरेक पात्रले एउटा-एउटा पक्षको प्रतिनिधित्व गरेका हुन्छन् । त्यसैले उपन्यासमा पात्र र उद्देश्य अन्तर्सम्बन्धित हुन्छन्" (घर्ती, २०६७, पृ. ८४) । "क्रियाव्यापार ब्अतष्यल र द्वन्द्व ऋयलाष्अित को प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव पात्र होस् अथवा चाहे मानवेतर) भन्नासाथ अभिप्रेरणा (Motivation) र स्थिरता Consistency को कसीमा सफल भएको हुनुपर्छ" (श्रेष्ठ, २०६८, पृ.१० ) । उपन्यासले मानिससँग सम्बन्धित स्वच्छन्द लेखनलाई बुझाउँछ । यो मानिसले बनाएको कथा हो तर कथाभन्दा लामो लेखन हो जसको सम्बन्ध धेरै नजिक भएर मानिसका जीवनसँग मिल्ने हुन्छ । Novel, Novus, Novella हुँदै विकासमा आएको इटालेली भाषाको novella बाट आजको अङ्ग्रेजी Novel बनेको हो (दाहाल, २०७६, पृ.९ ) । यसरी उल्लिखित भनाइका आधारमा उपन्यासमा पात्रहरूको सक्रिय भूमिका रहेको हुन्छ । कतिपय घटना र विषयलाई एक पात्रले अर्को पात्रसँग गरेको संवाद वा कार्यबाट पाठकसम्म पुग्दछ । कार्यका आधारमा पात्रहरू मुख्य, सहायक र

गौण गरी वर्गीकरण गरिन्छ। कतिपय अवस्थामा पात्रहरू पारम्परिक र कतिपय अवस्थामा मौलिक हुन्छन्। पात्रहरूको व्यवस्थापन गरेर कथानकलाई अगाडि बढाइएको हुन्छ। पात्रलाई कार्य, लिङ्ग, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता तथा आबद्धताजस्ता विविध प्रकारबाट हेरिन्छ। पात्रहरूको विश्लेषणका आधार धेरै भए पनि यस लेखमा भूमिकाका दृष्टिकोणबाट एक चिहान उपन्यासका पात्रहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## परिणाम र छलफल

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासमा पात्रहरूको चरित्रका आधारमा अध्ययन गरी अर्थापन गरिएको छ। २०११ सालको बाढीपहिरोको चपेटामा परी अष्टनारानको परिवार *एक चिहान* भएको विषयलाई प्रस्तुत गरिएको *एक चिहान* उपन्यासमा पात्रहरूका चारित्रिक स्वभावका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। कृषि पेसा गरी जीविकोपार्जन गर्ने अष्टनारानको परिवारमा उनकी पत्नी लतमाया, तीन छोरा शिवनारान, पुननारान, हर्षनारान र छोरी नानीथकुँ छन्। अष्टनारान बिरामी भएको अवस्थाबाट उपन्यासको कथानक सुरु भएको छ। यसमा मुख्य रूपमा अष्टनारानको मृत्यु, नानीथकुँ र डाक्टर गोदत्तप्रसादका बिचमा भएको सम्बन्ध, सुरमान सुब्बाले नानीथकुँसँग बिहे गर्नका लागि गरेको षड्यन्त्र, हर्षनारान र पुतली तामाङका बिचमा भएको विवाह, नानीथकुँ र रामखेलावनबिचको विवाहलगायतका घटना आएका छन्। यस लेखमा यिनै पात्रहरूका चारित्रिक विशेषताको विश्लेषण गरिएको छ :

### अष्टनारान

*एक चिहान* उपन्यासमा अष्टनारानलाई विरामी बाबुका रूपमा देखाइएको छ। उपन्यासका एकतिस परिच्छेदमध्ये सातौँ परिच्छेदमा अष्टनारानको मृत्यु भएको छ। सिङ्गो परिवार उनकै विचारद्वारा निर्देशित हुनाले उनी प्रमुख पात्र हुन्। उनले आफ्नो काजकिरियामा अनावश्यक खर्च नगर्न र आफैँले लुकाएर राखेको पच्चिस रुपियाँले पुऱ्याउन आग्रह गरेका छन्। यसबाट उनी मितव्ययी हुनुका साथै सामाजिक कुसंस्कार तथा आडम्बरको विरोधी भएको देखिन्छ। उपन्यासको सुरुमै विरामी भई बिछ्यौनामा पल्टि रहेको अष्टनारानले

आफूलाई कुरेर समय नष्ट नगर्न र आआफ्ना काममा लाग्न सबै सदस्यलाई अभिप्रेरित गरेको छ । उसले किसानका छोराले मरेको बाबुलाई समेत फ्याँकेर असारको पूजा गर्नुपर्छ (प्रधान, २०६७, पृ १३) भन्ने श्रममा आधारित मान्यता प्रस्तुत गरेको छ ।

प्रगतिशील दृष्टिकोण भएको चरित्र अष्टनारानका विचारबारे उपन्यासकारको धारणा यस्तो छ - "आफ्नो जाति र समाजमा मर्दापर्दा दानदक्षिणा दिने र भोजभतेर ख्वाउने इत्यादि करै लाग्ने चालचलनमाथि अष्टनारान घृणा र आलोचना मात्र गर्नु होइन, आक्रमण नै गरी उघाड नै ख्वाइआइ रहेका थिए । मर्दा नजिकका नाता सम्बन्धीहरू रोएर विचाः आउने प्रथालाई उनले बन्द गरिदिएका थिए" (प्रधान, २०६७,पृ. २३-२४) । अन्धता विरोधी चरित्र अष्टनारानमा समाजसापेक्ष धार्मिक आस्थाको अंश पनि छ भन्ने कुरा "जिन्दगीभर पूजाप्रार्थना गराएर भगवान्ले मेरो केही सुनि दिएन" (प्रधान, २०६७,पृ. १) जस्ता अभिव्यक्तिले प्रस्ट पारेको छ । उनका यस्ता कुरामा तत्कालीन समाजका परिपक्व ज्येष्ठनागरिकका अनुभवहरू प्रकट भएका छन् । अष्टनारानले आफू बिरामी भई थला परेका बेलामा उपचारमा बढी खर्च भए परिवारलाई थप ऋणभारको समस्या पर्छ भनेर उपचारमा खर्च नगर भन्दै "साक्षात् धन्वन्तरी भगवान् नै आएर औषधि गरे पनि निको नहुने" (प्रधान, २०६७, पृ.१) विचार व्यक्त गरेका छन् । यसरी सिङ्गो परिवार उनकै विचारद्वारा निर्देशित भएको छ । उनले आफ्नो काजकिरियामा अनावश्यक खर्च नगर्न र आफैँले लुकाएर राखेको पच्चिस रुपियाँले पुऱ्याउन आग्रह गरेबाट उनी मितव्ययी हुनुका साथै सामाजिक कुसंस्कार तथा आडम्बरको विरोधी भएको देखिन्छ । यसरी शोषण र अत्याचार बेहोर्ने वर्गका प्रतिनिधिका रूपमा अष्टनारानको परिवार रहेका छन् । अष्टनारानले खाई नखाई २५ रुपियाँ जम्मा भएको र त्यसले काजकिरिया गर्नू भन्ने अभिव्यक्ति दिएको छ । "शिवनारान, हाकुमाया र दुई छोराछोरी समेत चारै प्राणी ओसारामा उभिई बाढी बगि रहेको भयङ्कर दृश्य हेरी हेरीकन कोलाहल मच्चाउन थाले । आकाशबाट पानी परि नै रहेको थियो" (प्रधान, २०६७, पृ.१०५) ।

*भोलिपल्ट उनीहरूको घरको भग्नावशेषबाट पुननारान, हर्षनारान, पुतली र लतमायाका लासहरू पनि निकालिए । उनीहरूको यस्तो हृदयविदारक मृत्यु देखेर सारा मानिसहरू शोक प्रकट गर्दै थिए । सबैको घर बनाउने सिकर्मी र बिचरा ज्यामीहरू घर मर्मत गर्न नपाई आज आफ्नै घरले थिचिएर एक चिहान भए* (प्रधान, २०६७, पृ.१०७ ।

यसरी यहाँ गरिबीबाट मुक्तिको आधार श्रम हो भन्ने मान्यता प्रस्तुत भएको छ । मूल कथा अष्टनारानको परिवार र उसको जेठो छोरा शिवनारानमा केन्द्रित छ ।

## शिवनारान

शिवनारान अष्टनारानको जेठोछोरा र उपन्यासको सुरुदेखि अन्त्यसम्म क्रियाशील पात्र हुनाका नाताले पारिवारिक दायित्व निर्वाह गरेको देखिन्छ । ऊ किसानवर्गका काम, कर्तव्य र महत्त्व बुझेको, अन्याय सहन नसक्ने र अशिक्षित भएर पनि शिक्षितको जस्तै विचार राख्ने सभ्यता बुझेको व्यक्ति हो । समावेशी भावना भएकाले उसले आफ्नो भाइ हर्षनारान र बहिनी नानी थकुँको अन्तरजातीय विवाह हुन लागेकामा अत्यन्त खुसी व्यक्त गरेको छ । ऊ स्वतन्त्रताका नाममा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँड्न नपाउने विचार राख्ने र अभिभावकले परिवारका सदस्यहरू को र कस्तोसँग प्रेम सम्बन्ध राखेका छन् ख्याल गर्नुपर्ने विचार राख्ने संयमित र विद्रोही दुबै प्रकृतिको पात्र हो । शिवनारानले "हामी अलि प्रगतिशील भएकाले समाज हामीदेखि टाढा रहन खोज्छ, समाजमा अलि अगाडि बढ्न खोजे पनि नहुने, अरू साधारण मानिस जस्तै रूढि र परम्परा भक्त भई रहन भने हाम्रो मन मान्दैन" (प्रधान, २०६७, पृ. ७७) भन्ने विचार राख्छ ।  उसले अन्धतालाई जोगाउने नाममा गरिबले ऋण काढेर पनि भोजभतेर गर्नुपर्ने प्रचलनलाई अस्वीकार गर्ने, नारीलाई सम्मान र समानताको व्यवहार गर्ने, अन्तरजातीय एवम् अन्तरक्षेत्रीय विवाहलाई प्रोत्साहित गर्दै उपत्यका, पर्वते र तराई समाजका बिच सद्भावना अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने, विवाहमा तडकभडकजस्ता प्रचलन हटाएर गरिब र श्रमिक किसानलाई सजिलो हुने गरी दाइजोका सामानमा पनि मितव्ययिता कायम गर्नेजस्ता विचार राखेको छ । शिवनारान भन्छ : "पोहोर साल असार नराम्रो भएकाले बाली तिर्न नसक्ता कडिकडाउका साथ ताकिता गरी सयकडा पच्चिसको दरले बढाई तमसुक लेखाएर लिने दानव आज एकाएक कसरी देवता भएर निस्क्यो ?' यो विचार उनको मनमा खेल्न थाल्यो । उनले अलि सोचि सकेपछि भने- "आमा ! तपाईंले मन्जुर नगर्नु पर्ने"(प्रधान, २०६७, पृ.३३ ) । शिवनारानले सुरमानको कारिन्दा रामबहादुरले किसानलाई हेप्न खोजेका बेला किसानको जीवनलाई सम्मान गर्न आग्रह गरेको छ । "किसान

अरू थोक केही नभए पनि तपाईंको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिई रहने एउटा त्यागी र तपस्वी जाति हो । पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठुलो किसान हो, जसलाई तपाईँ ईश्वर भन्न चाहनु हुन्छ कि परमेश्वर अथवा जे भन्नोस्" (प्रधान, २०६७,पृ. ८२) । शिवनारानका अनुसार "नेवार, पर्वते र मधेसी तिन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ । यो काममा हाम्रो घर धेरै अगाडि बढ्दै छ । हुन्छ, भोलि नै दुलही  भित्र्याएर हाम्रो छाप्रोलाई स्वर्ग बनाउन कोसिस गर भन, भोलि नै । म पनि भोलि बिहानै घर आउनेछु" (प्रधान, २०६७, पृ.९३) । यसै गरी शिवनारानले भात खाँदाखाँदै आमा लतमायासित सोधे- "होइन, डाक्टर दिनका दिन किन आइ रहेको ? को बिरामी परेका छन् र हामीकहाँ त्यसले दिनका दिन आउनु परेको छ ?" (प्रधान, २०६७, पृ. ५०) । "स्वतन्त्रताको नाउँमा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ, सीमारेखा हुन्छ, विधान हुन्छ, सुपात्र र कुपात्र हुन्छ । यी सब कुरालाई, बाटोलाई, तबरलाई नाघेर मानिस हिँड्न सक्तैन, पाउँदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ, यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुर्‍याउनुपर्छ" (प्रधान, २०६७, पृ. ७२) । "फिस नलिनु डर लाग्दो कुरा छ, मलाई शङ्का लाग्छ, अब उनलाई नबोलाउनू' भनी बाले त पहिल्यै भन्नु भएको थियो । बुढापाकाको कुरा सितिमिती फुट्टा हुँदैन, अनुभवको भरमा बोलेका हुन्छन्" (प्रधान, २०६७, पृ.३६) । ऊ बहिनीलाई बुढो सुरमानसमक्ष सुम्पने कुरालाई शिवनारान अपमानजनक ठान्छ । उसले त्यस्तो गलत तरिकाबाट परिवारलाई केही सुख हुने भन्ने आमाको विचारलाई अस्वीकार गर्छ ।

अष्टनारानको मृत्युको तेस्रो दिनमा नै शिवनारानको परिवार आआफ्ना काममा केन्द्रित हुन्छन् । शिवनारानले आफ्नै बाबुको "हमेसा आफ्नो काम कर्तव्यमा रुजु हाजिर भएर पूर्णत्त्व प्राप्त गर्ने" (प्रधान, २०६७, पृ.२४) भन्ने सिद्धान्तअनुसार परिवारका सबै सदस्यलाई आआफ्ना काममा केन्द्रित हुन सल्लाह दिएको छ । उसले किसानहरूको जीवन र कर्तव्यबारे भन्छ -"किसानका सन्तानले आराम गर्नु पाप हो, शरीरमा एक थोपा मात्र रगत बाँकी भए

पनि पसिनाको रूपमा निकालेर खेतलाई चढाउनुपर्छ किनभने किसानको परिश्रम र पसिना नै जगत्‌को जीवन हो र जिन्दगीको ज्योति हो" (प्रधान, २०६७, पृ.१०२) । "तर अफसोसको कुरा छ, यस्तरी काममा जोतिँदा पनि उनीहरूको जीवनमा तृप्ति थिएन" (प्रधान, २०६७, पृ.२५) ।

यसरी उपन्यासमा शिवनारानको परिवार र गोदत्तप्रसादका बिचमा तथा शिवनारानको परिवार र सुरमानका बिचमा द्वन्द्व प्रकट भएको छ । उपन्यासको गरिब एवम् निम्न वर्गको श्रमजीवी किसान परिवारले गोदत्तप्रसाद र सुरमानको कुदृष्टि तथा बदनियतका विरुद्ध प्रदर्शन गरेको विरोध र क्रियाकलापले प्रगतिवादी विचारलाई आभिव्यक्त गरेको छ । उपन्यासमा प्रेम विवाह तथा लैङ्गिक विभेदका सम्बन्धमा पुरातन सोचाइ र अन्ध मान्यताभन्दा बेग्लै परिवर्तनकारी मान्यता प्रस्तुत गरिएको छ । प्रेमका बारेमा शिवनारानले युवायुवतीबिच मन मिलेमा कुनै समस्या नहुने मान्यता प्रस्तुत गर्दै "प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मपदण्ड हुन्छ, सीमारेखा हुन्छ, विधान हुन्छ, कुपात्र र सुपात्र हुन्छ । यी सब कुरालाई नाघेर मानिस हिँड्न सक्दैन, पाउँदैन" (प्रधान, २०६७, पृ. ७२) भन्ने धारणा व्यक्त गरिएको छ ।

### डाक्टर गोदत्तप्रसाद

डाक्टर गोदत्तप्रसाद उपन्यासको प्रमुख तर खराब पात्र हो । मानवताको भावना नभएको गोदत्तले राम्री केटी देखेपछि र सजिलै फँसाउन सकिन्छ भन्ने बुझेपछि सहयोगी जस्तो बनेर नानीथकुँलाई वासनात्मक प्रेमको जालमा पारेको छ । यसबाट ऊ चलाख, धूर्त र कपटी छ भन्न सकिन्छ । ऊ टोलको सबैभन्दा ठुलो भलादमी, पढेलेखेको र इज्जतदार व्यक्ति भए पनि समाजलाई भ्रष्ट पार्न खोज्ने खलनायकका रुपमा देखिन्छ । घरमा पढेलेखेकी श्रीमती भएको, तीन छोराछोरीको बाबुसमेत बनेको र कपालमा जौँतिल पाकिसकेको गोदत्त नारी जातिलाई मनोरञ्जनको साधन सम्झन्छ । गोदत्त समाजको धमिरो र समाजलाई बनाउन लागेजस्तो नाटक गरी भित्रभित्रै ध्वस्त पार्ने बदमास पुरुष चरित्र हो । गोदत्त उपन्यासमा आर्थिक शोषण गर्ने चरित्रका रूपमा नदेखिए पनि आर्थिक सम्पन्नताका आडमा निम्न वर्गका किसान परिवारलाई हेपेर नानीथकुँको जबानीमा कामुक दृष्टि लगाउने चरित्र हो । ऊ निम्न

वर्गलाई अपमान गर्ने, हेप्ने र नटेर्ने चरित्रका रूपमा देखिन्छ। उसले पैसाका अभावमा अष्टनारानको मृत्युपछिको संस्कार कसरी गर्ने भनी छटपटाएका अष्टनारानका परिवारलाई २५ रुपियाँ दिएर अप्ठेरो फुकाइदिने काम गरी यसैको मौका छोपेर नानीथकुँसितको निकटता र भेटघाट पनि बढाउँदै लगेको छ। त्यही सहयोगका नाममा परिवारमा आवत जावत पनि बढाउँदै लगेर नानीथकुँसित आत्मीय प्रेम गरेको नाटक रचेको छ। "गोदत्त प्रसादबाट प्रेमप्लावित हुँदाहुँदै उनीप्रति नानीथकुँको श्रद्धा, भक्ति, विश्वास एकोहोरि सकेको थियो। गोदत्तप्रसादलाई कसैले किञ्चित् मात्र केही भने पनि नानीथकुँको दिलमा घाउ गराउँथ्यो" (प्रधान , २०६७, पृ. ५४)।

आर्थिक रूपले सम्पन्न भएका आडमा निम्न वर्गका परिवारमा सहयोगका नाममा प्रवेश गर्ने तथा त्यस वर्गमाथि अनुचित र अमानवीय व्यवहार प्रदर्शन गर्ने दुष्ट चरित्रका रूपमा आएको छ। उसले नानीथकुँको रूप यौवनमा आँखा गाड्नुमा गरिबलाई हेप्ने सामाजिक प्रवृत्ति र नारीमाथिको अन्यायपूर्ण सामाजिक व्यवहार जिम्मेवार छ" (उपाध्याय, २०५९,पृ. १५)। गोदत्त भन्छ : "जाऔं हिँड नानीथकुँ ! दोमनमा फसेर मौका नगुमाऊ। बाहिर मोटर छोडी आएको छु, जाऔं ! शुभ साइतले तिमीलाई हाँसेर पर्खि रहेको छ" (प्रधान, २०६७, पृ. ८४)।

यसरी गोदत्त आफू आर्थिक रूपले सम्पन्न भएकाले विपन्नवर्गका मानिससँग अनैतिक, अनुचित र हेपाहा प्रवृत्ति देखाउन नहिच्किचाउने उच्च वर्गीय अत्याचारीका रूपमा आएको छ। यसरी *एक चिहान* उपन्यासमा धनी र सामन्तवर्गले गरिब किसानको श्रम र पसिना चुसेको, ऐसआराममा भुलेको र गरिबहरू भोकभोकै मर्नु परेकाले शोषणको अन्त्यको आह्वान गरिएको छ। सुब्बा सुरमान र गोदत्तप्रसादजस्ता नीच तथा धूर्त शोषकले उदार र सहयोगी बनेजस्तो गरेर कसरी निर्धा र श्रमजीवीको शोषण गर्छन् भन्ने देखाइएको छ।

## नानीथकुँ

नानीथकुँ *एक चिहान* उपन्यासकी प्रमुख पात्र हो। अत्यन्त रूपवती भए पनि ऊ अविवेकी र कच्चा विचार भएकी केटी हो। ऊ आफूभन्दा झन्डै चालिस वर्ष जेठो डाक्टर

गोदत्तलाई प्रेम गर्छे । ऊ सोझी छे त्यसैले डाक्टर गोदत्तको षड्यन्त्रलाई प्रेमको उपहार ठान्छे । गोदत्तको प्रेममा लहसिनु र सुब्बा सुरमानजस्तो बुढो व्यक्तिसँग विवाहको कुरा चल्दा पनि नमिठो नलाग्नुले ऊ आफू अनुकूलको प्रेमी चयन गर्न नसक्ने पात्रका रूपमा देखिन्छे । उपन्यासको सुरुमा अव्यावहारिक पात्रका रूपमा देखिए पनि मध्य भागमा रञ्जना देवीले सम्झाएपछि उसको विवेकले काम गरेको छ । त्यसैले उसले गोदत्तको भाग्ने प्रस्तावलाई अस्वीकार गरी नारीको पहिचान रक्षा गरेकी छ ।

### *सुब्बा सुरमान र रामबहादुर*

सुब्बा सुरमान उपन्यासको सहायक तर प्रतिनिधिमूलक पात्रका रूपमा आएको छ । ऊ समाजका सामन्त चरित्रको प्रतीक, नारीको यौवनलाई खेलौना ठान्ने र आफ्नो कामेच्छा पूरा गर्न चाहने वर्गको प्रतिनिधि पात्र हो । ऊ उपन्यासको सहायक, नकारात्मक चरित्र, खलपात्र, हुनेखाने, सम्पन्न, उच्च वर्गको वर्गीय चरित्र र गरिबलाई शोषण तथा दमन गर्ने सामन्ती तल्सिङ हो । ऊ आफ्नो कारिन्दा रामबहादुरमार्फत अष्टनारानले छोरी दिने वचनदिएको जाली कुरा बनाई आर्थिक प्रलोभनमा पारी नानीथकुँलाई आफ्नी बनाउने दुस्प्रयास गर्ने र जवानी लुट्न उद्धत भ्रष्टचरित्र हो । ऊ जग्गा कमाउन दिएर अन्नपात लिने तल्सिङ, अरूका छोरीचेलीप्रति गिद्धे नजर लगाउने कामुक, फटाहा, सामन्त, धूर्त र धनको तुजुक देखाउने असत् एवम् खलपात्र हो । अष्टनारानको परिवारले त्यसैको जमिन कमाएर जीविका चलाएको छ । उसले ऋणको २५ प्रतिशत ब्याज उठाउने" (प्रधान, २०६७, पृ. २७) र शिवनारानको परिवारसहित अन्य मोहीबाट पनि जबर्जस्ती आयस्ता उठाएर आफ्नो उच्च वर्गीय दुष्ट्याँइ देखाएको छ । यसै गरी रामबहादुर भन्छ : "म सुब्बा साहेबलाई आजै भन्नेछु र भोलि नै किन्न लगाई यहाँ पुऱ्याउन लगाइदिनेछु । बडो गजबको सजिलो तान छ, मेसिन जस्तै छिटो चल्छ र कपडा धेरै बुन्छ, चलाउन पनि बडो सजिलो, बल पनि कत्ति खर्च नहुने । क्या विज्ञानको चमत्कार ! क्या मान्छेको मगज !" (प्रधान, २०६७, पृ.२६) । रामबहादुर भन्छ : "तिमीलाई थाहै होला नि, अष्टनारानले नानीथकुँ हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइसकेको छ । सुब्बा साहेबलाई नानीथकुँ ज्यादै मन परेको पनि रहेछ । उसको हातबाट सुब्बा साहेबले भात पनि खान कबुल गर्नु भएको छ । यी सबै कुरा अष्टनारानलाई पनि मन परेर उसले

दिन मन्जुर गरेको थियो" (प्रधान, २०६७, पृ.४०) । यसै गरी रामबहादुरको तर्क छ : "सुब्बा साहेब पनि त बुढै भइसक्नुभएको छैन, सत्तरी होइन, साठी होइन सन्ताउन्न वर्षको भनेको त लोग्ने मानिसका लागि जवानीकै अवस्था छ । मानिसको उमेरमा पच्चिस र पचासको कुरा छैन, जो बलियो हुन्छ उही जवान हो । बल र फुर्ती छैन भने बिस वर्षकै पनि बुढो हुन्छ । म त भन्छु बरु तिम्री छोरी चाँडै बुढी होली तर सुब्बा साहेब अझ बिस वर्षपछि पनि त्यस्तै लायक हुनु होला । मैले धेरै बयान गर्नु व्यर्थ छ, किनभने तिमीले नदेखे नचिनेका मानिस होइनन्" (प्रधान, २०६७, पृ. ४१) । रामबहादुर भन्छ : "छोराहरूसित सल्लाह गरेर तिमीले आफ्नो हक गुमाउने मूर्खता किन गर्ने ? तिमीले 'हुन्छ म यस्तै गर्छु' भनेपछि उनीहरूको के लाग्छ ? मेरो सल्लाह मान्छ्यौ भने उनीहरूसँग सल्लाह गरि रहने होइन कि 'तिमीहरूको पिताज्यूको वचन गइ सकेको हुनाले मैले पनि वचन दिइ सकें' भनी सरासर भनि देऊ । उनीहरूले खिचोला गरे तिमीले कत्ति पनि धन्दा सुर्ता मान्नु पर्दैन, सुब्बा साहेबले तिम्रो पुरा बन्दोबस्त गरी सुखमा राख्नु हुनेछ " (प्रधान, २०६७, पृ. ४२) । रामबहादुर भन्छ : "तिम्रो बा अष्टनारानले दिने वचन दिइ सकेको छ शिवनारान ! मरि सकेका आफ्ना इमानदार बाबुको वचन राख्ने काम गर, तिम्री आमा लतमायाको पनि मन्जुरी छ । सोध, तिम्री आमा त मौजुद छिन्" (प्रधान, २०६७, पृ.८२) । यसरी सुरमान आफू पचास वर्षभन्दा माथि गइसकेपछि पनि धनसम्पत्तिको धाक र रवाफ देखाउँदै नानीथकुँसँग विवाह गर्न चाहन्छ । अरूसँग चर्को ब्याज लिए पनि नानी थकुँलाई सित्तैमा कपडा बुन्ने तान दिएर मन जित्न खोज्छ । हाम्रो समाजमा सुरमानजस्ता खराब सोंचाइ र विचार भएका गाउँका शोषक र सामन्तले सोझा इमान्दार गरिबलाई कसरी शोषण गर्छन् भन्ने कुरा उपन्यासकारले सुब्बा सुरमानमार्फत् देखाएका छन् । यसरी सुरमानले गरिबीको फाइदा उठाउँदै अर्काको जीवनलाई बरबाद पार्न खोज्ने समाजको खराब पात्रको प्रतिनिधित्व गरेको छ । सुरमान शोषण गर्ने जमिनदार वर्गको र गोदत्तप्रसाद आर्थिक रूपले सम्पन्न तथा गरिब वर्गप्रति हेपाहा दृष्टि राख्ने व्यक्तिको प्रतिनिधि हो । गोदत्त पैसाका बलले र सुब्बा आफ्नो सरकारी पहुँच र जमिन्दारीका बलले श्रमजीवी अष्टनारानको परिवारमा आर्थिक सहयोगका नाममा कुटिल ढङ्गमा शोषणको जाल फैलाइ रहेका छन् ।

**रञ्जना देवी**

डाक्टर गोदत्तकी श्रीमती रञ्जना देवीको उपन्यासमा उपस्थिति कम छ। ऊ उपन्यासलाई नयाँ मोड दिन सफल तीन सन्तानकी आमा, चतुर महिला, गाउँकी शिक्षित र धनी वर्गकी स्वास्नीका रूपमा आएकी छ। उसले गोदत्तको कुकर्मलाई सच्याई नानी थकुँलाई पनि आफ्नो लोग्नेको जालबाट मुक्त हुन मदत गरेकी छ। नानी थकुँ र गोदत्तको कुराकानी सुनिसकेपछि श्रीमान्‌लाई सम्झाएजस्तो गरेर नारीले के चाहन्छन् भन्ने कुरा व्यक्त गरेकी छ। साँझबिहान खान र लगाउन दिँदैमा मात्र नारीका हक, अधिकार र इच्छा पूरा हुँदैनन्। उनीहरूलाई आत्मिक प्रेम चाहिन्छ भन्दै नारी हकअधिकार र इच्छाका बारेमा उसले पतिसामु कुरा राख्छे। रञ्जना देवीले भनेकी छन्

> *"होइन, तपाईंको कस्तो बानी यो, के खुड्किलै पिच्छे तपाईंलाई स्वास्नी चाहिन्छ कि ? त्यत्रा बडादमी भएर कस्तो चाला यो ? कसैले थाहा पाए के भन्ने होला ? यस्तो पनि बानी ! धेरै आँखा चिम्लि सकें, अब पनि आँखा चिम्लि रहनु त फसाद मोल्नु सम्झेर आज त भनि हालेकी - होस गर्नोस् है, टाउको फोरेर कमाइ राखेको इज्जत पानी भएर नपोखियोस्" (प्रधान, २०६७, पृ. ५९)। रञ्जना देवी भन्छे : "तपाईंको साधु भेषमा कृष्णलीला ! अगि आउने 'नानीथकुँ' भन्ने किसान बालासित के गरि रहनु भएको ? कि उसमा अटाइ नअटाइ बगि रहेको उसको वर्षा कालीन यौवन यमुनादेखि मस्त भएर आफू एउटा बिरामी हेर्न बसि रहेको डाक्टर हुँ भन्ने नै बिर्सनु भयो ?"* (प्रधान , २०६७, पृ. ६१)।

रञ्जना देवीले पेरि पनि भनेकी छन्

> *हामी स्वास्नी मान्छेले आफ्नो जीवन भोगका निम्ति अर्पनु हुँदैन; हामी कुनै लोग्ने मानिसको भोगका निम्ति जन्मेका वा सिर्जेका जीव होइनौँ। हाम्रो उमेरमा यौवन छ, हाम्रो गालामा रगत छ, हाम्रो ओठमा पानी छ, हाम्रो शरीरमा सौन्दर्य*

*छ, हाम्रो चेहरामा मुस्कान छ, हाम्रो वाणीमा माधुरी छ, हाम्रो हेराइमा लालित्य छ, हाम्रा प्रत्येक अङ्गप्रत्यङ्गमा हिसी छ । के लोग्ने मान्छेलाई भोगाउनका लागि ती सबै गुण हामीले पाएका हौं ? कदापि होइन, ती सबै गुण हामीले हाम्रै निम्ति पाएका हौं । "नानीथकुँ ! नारी भएर तिमीले नारीको मूल्य पहिचान्न सक, नारीको महत्त्व बढाउन कोसिस गर । समाजको मर्यादा र गौरव नारीको मूल्यमा निर्भर छ । भौतिक उन्नति र सुविधाले मानिसलाई बाहिरी सुख मात्र प्राप्त हुन सक्तछ, तर नारीको चरित्र पाउनाले मानिसको जीवनमा अलौकिक आनन्द आउँछ । नारीको चरित्र हाँस्न पाएको ठाउँमा पुरुषको आत्माले नाच्न पाउँछ, त्यस्ता ठाउँमा नै हौसला फुल्न आइ रहन्छ, फुर्ती मुस्कुराइ रहन्छ र अभिमान बाँचि रहन्छ"* (प्रधान, २०६७, पृ. ६४) ।

गोदत्तले नानीथकुँसँग प्रेम सम्बन्ध बढाउँदै गएको चाल पाएपछि सचेत बनाउनुका साथै उसलाई आफ्नै घरमा बोलाई नारी मूल्य र अस्मिताका बारेमा सम्झाइबुझाइ गरी आफ्नो भविष्यप्रति सचेत गराउने चतुर, परिपक्व र सत् पात्रको भूमिका निर्वाह गरेकी छ । उसले आफ्नो परिपक्व व्यवहार र क्रियाकलापले सौता बेहोर्नुपर्ने अवस्थालाई टारेकी छ भने आफू र नानीथकुँको भविष्य बरबाद हुनबाट तथा पतिलाई पतित हुनबाट जोगाएकी छ । उसले नानीथकुँलाई "स्वास्नीमान्छेको इज्जत स्वास्नीमान्छेले नै राख्न जान्नुपर्छ भन्दै नारी भएर तिमीले नारीको मूल्य पहिचान्न सक, नारीको महत्त्व बढाउन कोसिस गर । समाजको मर्यादा र गौरव नारीको मूल्यमानिर्भर छ" (प्रधान, २०६७, पृ. ६४-६५) भन्ने नारी स्वाभिमान र नारी अस्तित्वको रक्षा गर्नुपर्ने विचार व्यक्त गरेकी छ। नानीथकुँ गोदत्तसितको मायामा लहसिएर उसको प्रेम पाए संसारको कुनै शक्तिले आफूलाई छुन नसक्ने भनेर एकाहोरिएकीमा रञ्जना देवीले नै नारी अधिकारका बारेमा राम्ररी सम्झाइबुझाइ गरेपछि "म स्वस्नी मान्छेकी कलङ्किनी हुन चाहन्न, म जिन्दगी बेच्न चाहन्न" (प्रधान, २०६७,पृ.९०) भन्न पुगेकी छ । यसरी ऊ नारी अधिकार र अस्तित्वप्रति सचेत चरित्रका रूपमा देखिएकी छ ।

***लतमाया***

लतमाया अष्टनारानकी पत्नी तथा शिव, हर्ष, पुननारान तथा नानीथकुँकी आमा हुन् । उनी छोराहरूलाई सम्झाउँदै भन्छिन् : "खाइ नखाइ गरेर पनि यस पालि घर एउटा त बनाउने कोसिस गर बाबु ! मलाई त बिघ्नै डर भइ रहेको छ । यस्तरी दिनका दिन पानी परि रहेको छ, अझ मुख्य पानी पर्ने याम आएकै छैन" (प्रधान, २०६७, पृ. ८४) । "तिम्रा बा पनि यस्तै दुई जात, दुई सम्प्रदायमा सम्बन्ध राख्न चाहने, यस्तै भए मात्र साम्प्रदायिक भाव हटी देशको उन्नति होला भन्ने उहाँको विचार थियो, भनौँ हाम्रो घरभरिको नै यही विचार छ, यसैले तिम्रा दाजुहरू पनि खुसी नै होलान् ।" खुसी भएको भावमा लतमायाले भनिन्" (प्रधान, २०६७, पृ.९२) । रामबहादुरको ललाइफकाइमा परेर आमा लतमाया नानीथकुँलाई बुढो सुरमान सुब्बाकहाँ सुम्पिन तयार भएकी छ । लतमाया त्यसबाट आफ्नो परिवारको आर्थिक समस्या पनि केही हल हुने लोभमा फसेकी छ । अन्तमा आमा लतमायाले पनि छोरा छोरीलाई बिहा गर्ने उम्मेदवार आफैँ रोज्न अनुमति दिएकी छ र सकेसम्म पति अष्टनारान र जेठो छोरा शिवनारानको सिद्धान्तअनुसार भिन्न जातको भए राम्रो हुने मान्यता प्रस्तुत गरेकी छ । यसरी भिन्न जात र भिन्न भौगोलिक क्षेत्रका युवायुवतिबिच वैवाहिक सम्बन्ध गाँसिएमा अझै राम्रो हुने विचार व्यक्त गर्दै त्यसमार्फत राष्ट्रिय एकता मजबुत र सुदृढ हुने विचार पनि व्यक्त गरेको छ । यसैले लतमायाले पनि बिहा गर्ने उम्मेदवार आफैँ रोज्न अनुमति दिएकी छ र सकेसम्म अष्टनारान र शिवनारानको सिद्धान्तअनुसार भिन्न जातको भए राम्रो हुने मान्यता प्रस्तुत गरेकी छ ।

***हाकुमाया***

हाकुमाया नानीथकुँकी भाउजू हो । नानीथकुँलाई माग्न पठाएको सुरमानको कारिन्दा रामबहादुरमाथि जाइलागेको सन्दर्भले प्रतिवादको सङ्केत गरेको छ । हाकुमायाका माध्यमबाट नारीमाथि असमान व्यवहार गर्ने, तिनलाई केवल भोग र वासनाका साधन ठान्न खोज्ने पुरुषका गलत प्रवृत्ति विरुद्ध नारीहरू स्वयम् सचेत र सजग हुनुपर्ने मान्यता प्रस्तुत गरिएको

छ। शिवनारानकी पत्नी हाकुमाया सशक्त चरित्रका रूपमा देखिएकी छ। उसले सुरमान सुब्बाको कारिन्दा रामबहादुरलाई नानी थकुँसित बिहे गराउने लालचमा ल्याई दिएको देशी तान फिर्ता लैजान खोज्दा "जा पच भयो तेरो तान !" भन्दै धपाएकी छ। "आफ्नो थैलीको गाँठो बलियो पार्नू, साथीलाई दोष नलाउनू' भने ऊँ नानीथकुँलाई भोलिदेखि खेतैमा लगिराखे त कुरै मेटिन्छ - न रहे बाँस, न बजे बाँसुरी ! "(प्रधान, २०६७, पृ.३६) । हाकुमाया "जा, पच भयो तेरो तान ! कागज भएको होइन, जस्तालाई त्यस्तै ढिँडोलाई निस्तै । तँ बदमाससित हामीले किन भलादमी हुनु परेको छ ! यही तँलाई दण्ड भयो । जा, पच भयो तेरो तान, नालिस गर्न जा" (प्रधान, २०६७, पृ. ८४) । यसरी हाकुमाया नारीमाथि असमान व्यवहार गर्ने र तिनलाई केवल भोग साधन ठान्ने पुरुषका गलत प्रवृत्ति विरुद्ध नारीहरू स्वयम् सचेत र सजग हुनुपर्ने मान्यता प्रस्तुत गरिएको छ ।

### *राम खेलावन राउत*

राम खेलावन राउत नानीथकुँको पति हो । "राम खेलावन राउतलाई क्षणिक दर्शनमै नानीथकुँ मन पर्न गए जस्तै नानीथकुँलाई पनि पुलुक्क हेराइमै राम खेलावन राउत राम्रो लाग्न गएछन् । झन् उनीहरू बिचमा वैवाहिक सम्बन्ध राख्ने प्रसङ्ग आएको हुँदा त उनीहरूलाई सोह्रमा तान्दा एक्का आएको जस्तो भयो" ( प्रधान, २०६७, पृ.९९) । अन्तमा नानीथकुँको तराईको राम खेलावन राउत कुर्मीसँग विवाह भएको छ। हर्षनारान र नानीथकुँको उक्त विवाहले नेपाली समाजमा अन्तरजातीय तथा अन्तरक्षेत्रीय सद्भाव अभिवृद्धि गर्न र राष्ट्रिय एकता तथा विकासको वातावरण निर्माण गर्नमा टेवा मिलेको छ ।

### *माहिला तामाङ तथा पुतली*

निम्नवर्गीय चरित्रका रूपमा हर्षनारानको ससुरा माहिला तामाङ तथा छोरी पुतली आएका छन् । उनीहरू ज्यामी काम गर्ने श्रमिक मजदुर र अन्तर्जातीय विवाह गर्ने प्रगतिशील विचार भएका पात्र हुन् । पुननारानको ससुरा पनि सिकर्मी काम गर्ने श्रमजीवी वर्गकै चरित्रका

रूपमा आएको छ । पुननारानलाई काम गर्न भनी पेस्की रकम उपलब्ध गराउने साहु चरित्रमा पनि उच्च वर्गीयता प्रकट भए पनि व्यवहार भने गरिबको व्यथा बुझ्ने खालको रहेको कुरा उसले परिवारको दुख र सङ्कट महसुस गरेको देखाएबाट प्रकट भएको छ । माहिला तामाङ्ले १५ रुपियाँ सापटी लिएर छोरी पुतलीको बिहे सम्पन्न गरेको कुराबाट पनि यसको परिवेश पुरानो देखिन्छ । यसरी निम्नवर्गीय चरित्रका रूपमा हर्षनारानको ससुरा माहिला तामाङ तथा पुतली छन् । उनीहरू ज्यामी काम गर्ने श्रमिक मजदुर र अन्तर्जातीय विवाह गर्ने प्रगतिशील विचार भएका पात्र हुन् । शिवनारानले १० रुपियाँमा भाइको बिहे र माहिला तामाङ्ले १५ रुपियाँ सापटी लिएर छोरी पुतलीको बिहे सम्पन्न गरेको कुराबाट पनि यसको परिवेश पुरानो देखिन्छ ।

### *हर्षनारान र पुननारान*

*एक चिहान* उपन्यासमा हर्षनारान अष्टनारान र लतमायाको माहिलो छोरा तथा शिवनारानको भाइका रूपमा आएको छ । उपन्यासमा हर्षनारानले माहिला तामाङकी छोरी पुतलीलाई मन पराएको सुन्दा खुसीसाथ स्वीकार गरेको छ । शिवनारान भन्छ : “बेस भयो, नेवार पर्वतेको सम्बन्ध अझ बलियो हुन आँटेछ । यस्तै नेवार पर्वते र मधेसी तीन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ” (प्रधान, २०६७, पृ.९३) । यसरी अन्तरजातीय विवाहका बेला माहिला तामाङले पुतलीलाई अनावश्यक भोजभतेर र फजुल खर्च नगर्ने मान्यता अगाडि सारेका छन् । यस्ता पक्षले वैवाहिक सम्बन्धको विकासमा पारस्परिक प्रेम, हार्दिकता, पेसा एवम् वर्गीय मिलनको प्रगतिवादी मान्यतालाई प्रोत्साहित गरिएको छ । पुननारानलाई काम गर्न भनी पेस्की रकम उपलब्ध गराउने साहु चरित्रमा पनि उच्च वर्गीयता प्रकट भएपनि व्यवहार भने गरिबको व्यथा बुझ्ने खालको रहेको कुरा उसले परिवारको दुख र सङ्कट महसुस गरेको देखाएबाट प्रकट भएको छ” (प्रधान, २०६७, पृ. ६-७) । पुननारानको ससुरा पनि सिकर्मी काम गर्ने श्रमजीवी वर्गकै चरित्रका रूपमा आएको छ ।

यसरी उपन्यासमा सहभागी उल्लिखित पात्रहरूका चरित्रका आधारमा परम्परागत कुसंस्कारलाई हटाउँदै सामाजिक जागरण फैलाउनु र श्रमप्रति सम्मान गर्नु यस उपन्यासको मूलभाव रहेको छ । उपन्यासले परिश्रमी किसानहरूको जीवन, उच्च वर्गका मानिसले राख्ने कुदृष्टि, शोषणका साथै सामाजिक अन्धता, प्रेमविवाह तथा लैङ्गिक विभेदजस्ता पक्षलाई विषयका रूपमा प्रस्तुत गरेको छ । रातदिन नभनेर जमिनदारको जमिन कमाएर जीविका चलाउने किसानहरूको जीवन कष्टकर बन्दै गएको छ । तिनै किसानमाथि दुष्ट चरित्रका व्यक्तिले कुदृष्टि राख्ने, धनको धाकमा गरिब परिवारको स्वाभिमान र इज्जतमाथि आक्रमण गर्ने, नारीको मूल्य र महत्त्व नबुझ्ने, आफू सुखसयलको जीवन बिताएर परिश्रमी किसानका श्रमको महत्त्वबोध नगर्ने गलत प्रवृत्ति देखिन्छन् । यस्ता गलत प्रवृत्ति नेपाली समाजमा अहिले पनि छन् भन्दै उपन्यासले सात दशकअघिका सन्दर्भमा ती समस्यामाथि प्रकाश पारेको छ । उपन्यासले अन्ध प्रचलनको विरोध गर्ने र समाजलाई क्रमशः सचेत बनाउँदै प्रगतिशील सुधारबाटै अगाडि बढ्ने प्रेरणा प्रदान गरेको छ । उपन्यासमा आर्थिक रूपले सम्पन्न र विपन्न वर्गका बिचको वर्गीय द्वन्द्व प्रस्तुत गरी उच्च वर्गको शोषण, अन्याय र अत्याचारको विरोध गरिएको छ । उपन्यासमा आएका पात्रहरूले समुन्नत प्रगतिवादी समाज निर्माणको आकाङ्क्षा राखेका छन् । नेपाली समाज अन्धविश्वासका चपेटाबाट मुक्त हुन सकेको छैन । सकीनसकी साहुसँग चर्को ब्याजदरको ऋण काढेर जन्मदेखि मृत्युपर्यन्तका संस्कार पुरा गर्ने कार्यमा अहिले पनि नेपालीहरू संलग्न छन् । यस उपन्यासमा उच्च वर्गको हेपाहा, कामुक एवम् शोषणमूलक क्रियाकलापका विरुद्ध निम्न वर्गका श्रमजीवीले प्रतिवाद गर्नुपर्ने र त्यसका निम्ति वैचारिक प्रतिवाद मात्र होइन घोक्रेठ्याक लगाएरै पनि तह लगाउनुपर्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ । उपन्यासमा मानवीय श्रमको महत्त्व र गरिमाको प्रशंसा गर्दै श्रमसम्बन्धी कार्यमा संलग्न व्यक्तिको सम्मान गर्नुपर्ने र सबैले निरन्तर कर्ममा लाग्न प्रेरणा प्रदान गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासका पात्रहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यस उपन्यासमा विभिन्न पात्रहरूका चरित्रको विश्लेषण गरी विपन्न वर्गका मानिसले भोग्नु परेका पीडाको चित्रण गर्दै श्रमको महत्त्वबोध गराइएको छ । यस लेखमा उपन्यासकारले विभिन्न पात्रहरूका माध्यमबाट देशको सामाजिक र सांस्कृतिक पक्षको चित्रण गर्दै समानता, भातृत्व र बन्धुत्वको भावना प्रस्तुत गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। उपन्यासका प्रमुख पात्र अष्टनारानका माध्यमबाट बाबुआमाको काजक्रिया गर्दा विपन्न मानिसले पनि दानदक्षिणा दिनुपर्ने र ऋण काढेरै भए पनि भोजभतेर गर्नुपर्ने गलत प्रथाको विरोध गर्दै विवाहमा देखाइने भड्किलोपन तथा आडम्बरको विरोध गरिएको विषयलाई अगाडि सारिएको छ। विभिन्न पात्रहरूका माध्यमबाट वैवाहिक संस्कारलाई सरल र व्यवहारिक बनाउनुपर्ने विचार प्रस्तुत भएको यस उपन्यासमा विभिन्न जात, वर्ण र सम्प्रदाय भएको समाजलाई उन्नतिका मार्गमा हिँडाउन प्रेरित गरिएको छ। विभिन्न पात्रहरूका माध्यमबाट राष्ट्रिय एकता कायम गर्नाका लागि अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिएको विषयलाई अत्यन्तै रोचक रूपमा प्रस्तुत गरिएको छ । यस लेखमा उपन्यासकारले पात्रहरूका माध्यमबाट श्रमको मूल्य र महत्त्वमाथि प्रकाश पार्नुका साथै किसान जीवनको महानता झल्काइएको कुरा उल्लेख गरिएको छ। उपन्यासको अन्तमा लगातार तीनदिन बाढी आएर खेतमा शिवनारानसहितको परिवार तथा घरमा परिवारका अरू सबै सदस्यको एक चिहान भएको सन्दर्भ आएको छ। यस लेखमा उपन्यासकारले विभिन्न पात्रहरूका माध्यमबाट श्रमको महिमा तथा महत्तालाई श्रमजीवी किसान र मजदुरसहितका समुदायले बुझ्नुपर्ने सन्देश दिइएको विषय उल्लेख गरिएको छ। उपन्यासकारले अन्धता र धार्मिक रूढिलाई तोड्दै क्रमशः सामाजिक परिवर्तनको मार्ग अवलम्बन गर्नुपर्ने मान्यता राखेका छन् । लेखमा उपन्यासकारले पात्रहरूका माध्यमबाट अनमेल तथा बहुविवाहजस्ता कुप्रथाको विरोध गर्दै नारीमाथि विभेदपूर्ण व्यवहार गर्ने, वासनात्मक एवम् कामुक दृष्टि लगाउने र सामन्ती एवम् पुरुषवादी कुदृष्टिको विरोध

गरिएको विषयलाई उल्लेख गरिएको छ । यस लेखमा उपन्यासकारले पात्रहरूका माध्यमबाट लैङ्गिक विभेदका विरुद्ध नारीभित्रै सचेतताको आवश्यकता रहेको औंल्याउँदै शोषणको विरोध गरी श्रमको सम्मानका लागि वर्गीय मुक्तिको अभियानलाई अगाडि बढाउनुपर्ने, समाज परिवर्तनका निम्ति प्रेम र विवाहका बारेमा नयाँ मान्यतासहित लैङ्गिक विभेदका विरुद्ध आवाज उठाउँदै राष्ट्रिय एकता र देशभक्तिपूर्ण भावनाको खोजी भएको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची


आचार्य, कृष्णप्रसाद (२०६३). *आधुनिक नेपाली उपन्यास र कथा.* दीक्षान्त पुस्तक प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९). *साहित्यप्रकाश.* (छैटौं संस्क.). साभ्ना प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *साहित्य प्रकाश.* (सातौं संस्क). साभ्ना प्रकाशन ।

उपाध्याय, यदुनन्दन (सन्२०१३). 'हृदयचन्द्रसिंह *प्रधानका उपन्यासमा नारी मुक्तिको बाटो',* https://www.samakalinsahitya.com÷sahitya÷details÷4443.

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* साभ्ना प्रकाशन ।

चुघ, सत्यपाल (सन् १९६८). *प्रेमचन्द्रोत्तर उपन्यास की शिल्प विधि.* लोकभारती प्रकाशन ।

त्रिभुवन सिंह (२०२२). *हिन्दी उपन्यास और यथार्थवाद.* हिन्दी प्रचारक पुस्तकालय ।

थापा, हिमांशु (२०४७). *साहित्य-परिचय* (तेस्रो संस्क.). साभ्ना प्रकाशन ।

दाहाल, खेम (२०७६). *उपन्यासका केही पाता.* (दोस्रो संस्क.) ज्ञानज्योति बुक पब्लिकेसन ।

पौड्याल, हीरामणि शर्मा (२०४१). *समालोचनाको बाटोमा .* इन्दिरा शर्मा पौड्याल ।

पौडेल, विष्णुप्रसाद (२०६८). *उपन्यास समालोचना.* भुँडी पुराण प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०६७). *एक चिहान.* साभ्ना प्रकाशन ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* साभ्ना प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* (दोस्रो संस्क.).साभ्ना प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग.* नेराप्रप्र ।

शर्मा, मोहनराज (२०५८). *कथाको विकास प्रक्रिया.* (तेस्रो संस्क.). साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५). *नेपाली कविता र आख्यान.* नवीन प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचन.* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* भूमिका प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६८). *नेपाली कथा.* भाग ४.(पाचौँ संस्क.). साझा प्रकाशन ।